# बूढानीलकण्ठ नगरपालिकाको तेस्रो नगरपरिषद्बाट स्वीकृत आ.ब २०७४।०७५ को लागि तय भएका प्रमूख नीति, कार्यक्रम तथा बजेट सार्बजनिकीकरण कार्यक्रम

प्रमुख अथिति माननीय स्वास्थ्य मन्त्री श्री गगन कुमार थापाज्यू

बिशिष्ठ अतिथि माननीय सांसद एवं पूर्वमन्त्री श्री नरहरी आर्चायज्यू

बिशिष्ठ अतिथि माननीय सांसद श्री राजन भट्टराईज्यू

बिशिष्ठ अतिथि माननीय सांसद श्री मीरा ध्वजुज्यू

बिशिष्ट अतिथि संघीय मामिला तथा स्थानीय बिकास सचिब श्री केदार बहादुर अधिकारीज्यू

अतिथि संघीय मामिला तथा स्थानीय बिकास सह सचिबज्यू

अतिथि, प्रमुख जिल्ला अधिकारी श्री  हिम नाथ दवाडीज्यू वा प्रतिनिधिज्यू

अतिथि स्थानीय विकास अधिकारी श्री  गोपाल कुमार अधिकारीज्यू

अतिथि ( स्थानीय क्रियाशिल राजनैतिक पाटीका तर्फबाट)

नेपाली कांग्रेसबाट प्रतिनिधी श्री राजाराम बूढाथोकीज्यू

ने.क.पा  ए.मा.ले बाट प्रतिनिधी श्री बिदुर बिकम खड्काज्यू

ने.क.पा माओबादी केन्द्रबाट प्रतिनिधीश्री रबिन अधिकारीज्यू

रा.प्र. पा. बाट प्रतिनिधी श्री श्याम बहादुर खत्रीज्यू /रामकाजी खड्काज्यू

संघीय समाजबादी फोरम नेपालबाट प्रतिनिधि श्री लाल बहादुर तामाङ्गज्यू

नेपाल परीवार दलबाट प्रतिनिधी श्री बिश्वराज सिल्वालज्यू

राष्ट्रिय जनमोर्चा नेपालबाट प्रतिनिधी श्री छबि बहादुर खनालज्यू

ने. क. पा. संयुक्तबाट प्रतिनिधी श्री अनिता उप्रेतीज्यू

मधेशी जनअधिकार फोरम लोकतान्त्रिकबाट प्रतिनिधी श्री भोला बिक्रम खड्काज्यू

नेकपा माओबादी (बिप्लब) बाट प्रतिनिधी श्री शिला लामाज्यू

नयाँ शक्ति पार्टी नेपालबाट प्रतिनिधी श्री बसन्त कुमार बस्नेतज्यू

ने.क.पा. क्रान्तिकारी (माओबादी) बाट प्रतिनिधी श्री देबी प्रसाद अधिकारीज्यू

पदपूर्ति समितिका अध्यक्ष श्री मोहन सिंह खड्काज्यू

सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिज्यूहरु

बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु

एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु

योजना तथा कार्यक्रम अनुगमन समितिका सदस्यज्यूहरु

बिषयगत नगरस्तरीय समितिका संयोजक तथा सदस्यज्यूहरु

राष्ट्रिय /अन्तराष्ट्रिय गैर सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु

साविक ६ वटै  गा.वि.स.का पूर्व अध्यक्ष तथा जनप्रतिनिधिज्यूहरु

वडा नागरीक मंञ्चका संयोजक तथा सदस्यज्यूहरु

नागरीक सचेतना केन्द्रका संयोजक तथा सदस्यज्यूहरु

टोल बिकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु

नगरभित्रका विद्यालयका प्राध्यानाध्यापकज्यूहरु,

बालक्लवका अध्यक्ष तथा पदाधिकारीज्यूहरु

जेष्ठ नागरीकका प्रतिनिधिज्यूहरु

महिला संजाल प्रमुख एवं प्रतिनिधिज्यूहरु

फरक क्षमता भएका ( अपाङ्ग) संघ सस्था प्रमुख एवं प्रतिनिधिज्यूहरु

आदिबासी/जनजाति संघसंस्थाका प्रमूख एवं प्रतिनिधिज्यू

प्रत्रकार मित्रहरु

समाज सेवी अगुवाज्यूहरु

आदरणीय नगरवासी आमावुवा, दाजुभाइ, दिदीबहिनीहरु

नगरपालिकाका संम्पुर्ण सहकर्मी कर्मचारी मित्रहरु

- यस नगरपालिकाको आगामी आ.व.२०७४।०७५ को लागी तेश्रो नगरपरिषद्बाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट सार्वजनिक कार्यक्रममा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका माननीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथीज्यूहरु, अतिथीज्यूहरु लगायत सम्पुर्ण नगरबासी महानुभावहरुमा बूढानीलकण्ठ नगरपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु। तेश्रो नगरपरिषद् सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अन्य मन्त्रालय तथा सरकारी निकायहरु, माननीय सांसदज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यू, वडा नागरिक मन्च,नागरिक सचेतना केन्द्रलगायतका आम नगरबासी आदरणीय आमा बुवा, दिदी बहिनी ,दाजुभाई, राष्ट्रिय तथा अन्तराष्ट्रिय सामाजिक संघ सस्था, विकासका अभियन्ता, नागरिक समाज संम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।साथै हाम्रो यस कार्यक्रमलाई आम जनसमुदायमा पुऱ्याई सहयोग गर्नु हुने सम्पूर्ण पत्रकार मित्रहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

- नेपालकोविविध आन्दोलनदेखि लोकतान्त्रीक गणतन्त्रको स्थापनार्थसम्मका विभिन्न ऐतिहासिक काल खण्डमा आफ्नो जिवनको बलिदान गर्नुहुने ज्ञात/ अज्ञात शहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै सो क्रममा घाइते योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै विगतको विनासकारी भुकम्पमा परी यस नगर क्षेत्रभित्रबाट ज्यान गुमाउनु हुने महानुभावहरु प्रति हार्दिक समवेदना प्रकट गर्दै घाइतेहरुप्रति सहानुभुती प्रकट गर्दछु। भौतिक संरचनाको क्षति पुग्ने महानुभावहरुको शीघ्र पुनःनिर्माणको कामना समेत गर्दछु ।
- नेपाल सरकारको मिति २०७१ मंसीर १६ को निर्णय अनुसारगठन भएको यसबूढानीलकण्ठ नगरपालिकाले हालसम्म २ वटा नगरपरिषद्ले पारित गरेका योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेकोछ। नगर१९वडामा विभाजन भएको र ७ वटा वडा/ संयुक्त वडा कार्यालय र केन्द्र गरी ८ स्थानबाट नगरबासीलाई सेवा प्रवाह गर्दैविकासका कार्य गरिरहेको सवैमा जानकारी गराउन चाहान्छु।

- यो नीति, कार्यक्रम तथा बजेट तयार गर्दा नगरपालिकालेनेपालको संविधानले लिएका मार्गदर्शन,स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ले लिएका प्रावधानहरु, राष्ट्रिय योजना आयोगको मार्गदर्शन तथा बजेट सिलिङ, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पठाएका मार्गदर्शन र परिपत्र,जिल्ला विकास समिति काठमाण्डौमार्फत प्राप्त बजेट सिलिङ तथा परिपत्र, अन्यविषयगत मन्त्रालयहरुबाट प्राप्त हुन आएकानिर्देशन, सहभागीतात्मक योजना तर्जुमा प्रक्रिया स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, विभिन्न राष्ट्रिय रणनीतितथा विगतका नगर परिषदले लिएका नितीहरुलाई आधार बनाइएको छ । निर्वाचित पदाधिकारी नभएको वर्तमान संक्रमणकालीन अवस्थामा समेत माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका पदाधिकारीहरु समेतको राय सुझावका आधारमा यो नीति, कार्यक्रम र बजेट तयार पारिएको छ ।

आदरणीय उपस्थित महानुभावहरु,

अव म नगरपालिका स्थापना पश्चात हालसम्म भएका प्रमुख उपलब्धीहरुलाई संक्षेपमा उल्लेख गर्न चाहन्छु : (**<u>नगरपालिका स्थापना पश्चातका प्रमुख उपलब्धीहरु</u>**)

- बूढानीलकण्ठ नगरपालिकाको प्रशासनिक भवन निर्माणको शिल्यान्यास गरी भवन निर्माण कार्य शुरु गरिएको ।
- सार्वजनिक सेवालाई छिटो, छरितो र प्रभावरकारी बनाउन १२ नं. वडा कार्यालयलाई विस्तार गरि सेवा प्रदान गरिएको ।
- जनसहभागितामा आधारित सडक सौर्य बत्ती जडान कार्यक्रम अन्तर्गत १०० वटा सौर्य बत्ती जडान भएको ।
- जेष्ठ नागरिक लगायतका भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरणको व्यवस्था गरिएको ।
- व्यक्तिगत घटना दर्ता प्रणालीलाई सहज बनाउन सबै वडा कार्यालयहरुमा आधारभुत भौतिक पूर्वाधारको निर्माण गरी विद्युतीय माध्यमबाट कार्य भई अनलाइन मार्फत पंजीकरण विभागमा नेटवर्किङ गरिएको ।
- सार्वजनिक निजी साझेदारी नीतिलाई प्रोत्साहन गर्ने नीति मार्फत विविध कार्य अगाडी बढाइएको ।
- नगरस्तरीय यातायात गुरुयोजना निर्माण भएको र स्वीकृतीको लागि मन्त्रालय प्रेषित गरिएको ।

- नगरपालिकालाई खुल्ला दिशा मुक्त क्षेत्र बनाउन सम्पुर्ण कार्य पुरा भई घोषणाको अवस्थामा पुगेको ।
- नगरपालिकाको राजश्व क्षेत्र अभिबृद्धि गर्न विविध प्रयास गर्दै आधुनिक कर प्रणालीको सफ्टवेयर प्रणाली जडान गरिएको ।
- भवन निर्माण आचार संहित कडाईका साथ लागु गरिएको । साविकमा गा.वि.स. रहँदा नक्सापास नभई निर्माण भएको र पुराना घरहरुलाई ९० दिने सुचना प्रकाशन गरी अभिलेखीकरण गरिएको ।
- नगर क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत लिई अभिलेख राखिएको ।
- कार्यालय संचालको लागि आवश्यक पर्ने भौतिक साधनहरुको व्यवस्था गरिएको ।

उपस्थित नगरबासी महानुभावहरु,

**अब म नगरपालिकाले आगामी दिनमा लिइएका दीर्घकालिन लक्ष्य र सोचहरु (२० बर्षे) प्रस्तुत गर्न चाहन्छु :**

- पूर्वाधार र सुविधासम्पन्न नगर बनाई उपमहानगरपालिका घोषणाको लागी पहल गरिने छ।
- बुढानिलकण्ठ–गुम्बा–बाग्द्धार–शहिदपार्क जोड्ने गरी केबलकार संचालन गर्न संभाव्यता अध्ययन गरी गुरुयोजना तयार पारी निजी क्षेत्रको साझेदारीमा अगाडी बढाइने छ ।
- पूर्ण सरसफाईयुक्त नगरपालिका निर्माण गर्ने । नदी कोरिडोरमा जलचर जीउन सक्ने वातावरण तयार गर्न सरसफाई अभियान संचालन गरिने छ ।
- पूर्ण सुरक्षित नगर बनाउन जाइका, नेपाल रेडक्रस सोसाईटी लगायत अन्य संघसंस्था र आम नगरबासीको समन्वयमा कार्य अगाडी बढाइने छ ।
- उद्यमशील नगरतर्फ उन्मुख गराई विविध क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरिने छ ।
- राष्ट्रिय निकुञ्ज तथा सामुदायिक बनहरुसँग समन्वय गरी पिकनिक स्पोर्ट सहितका मनोरन्जनस्थल निर्माण गरिने छ ।
- वातावरणमैत्री नगर बनाउन हरियाली प्रबर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- नगरका सबै स्थानमा एम्बुलेन्स, दमकल तथा अन्य सवारी साधन जानसक्ने सडकको निर्माण गरिने छ ।
- सांस्कृतिक सम्पदा तथा पुराना बस्ती संरक्षण गरी धार्मिक पर्यटन प्रबर्द्धन गरिने छ ।
- आम नगरबासीलाई आधारभुत स्वास्थ्य सुविधा पुऱ्याउन नगरस्तरीय अस्पताल स्थापना गरी सेवा विस्तार गरिने छ ।
- बुढानिलकण्ठ नगरलाई आकर्षक आवासीय नगर क्षेत्रको रुपमा विकास गरिने छ ।

## आ.व. २०७४।०७५ का प्रमुख नीति,योजना तथा कार्यक्रमहरु

### **१. शहरी विकास तथा भौतिक पूर्वाधारका नीति**

१.१. बूढानीलकण्ठ नगरपालीकाको Comprehensive Town Development Plan निर्माण गरि विकास निर्माण गरिनेछ।

१.२ राष्ट्रिय निकुन्ज, सामुदायिक वनहरुसंगको समन्वयमा नगरपालिकामा कम्तिमा १ वटा बोटानिकल गार्डेन निर्माण गरिनेछ।

१.३.**"उज्यालो बूढानीलकण्ठ - सुरक्षीत बूढानीलकण्ठ"**को अवधारणा वमोजिम विद्युतीय तथा सौर्य सडक वत्ती जडानलाई अभियानको रुपमा निरन्तरता दिईनेछ। यसक्रममा बजारका मुख्य सडक,विष्णूमतिकरिडोर, धोवीखोला करिडोर तथा चोकहरुमा वत्ति जडान गर्दै क्रमश: सहायक मार्ग, टोल तथा बस्तिहरुमा विस्तार गरिने छ।

१.४. कपनको १२ नं वडामा रहेको सार्वजनीक जग्गासंरक्षण गरि सो मा करिव ३०० जना अट्ने क्षमताकोTown Hall निर्माण गरिनेछ।

१.५.काठमाण्डौउपत्यकाका सवै नगरपालीकामा नगरबस संचालन गर्नको लागि नेपाल सरकारको अनुदान र नगरपालिकाको संयुक्त लगानीमा उपत्यका नगर यातायात व्यवस्थापन समिति लिमिटेडसंगको सहकार्यमा कार्य गर्न आवश्यक बजेट विनियोजन गरी नगर यातायात संचालन सुरु गरिनेछ।

*१.६ **" हाम्रो नगर- राम्रो नगर"** भन्ने धारणाका साथ नगरविकासका कार्यक्रमहरु तय गरिनेछ।*

१ .७.यस नगरपालिका क्षेत्रभित्रको चुनिखेललाई ल्याण्ड पुलिङ् कार्यक्रमका लागी छनौट गरी ब्यबस्थित शहर निर्माण गर्ने नीति लिइनेछ।

१.८. सडक तथा नगर यातायात विकासका लागी नगरस्तरीय चक्रपथ निर्माणको लागी सम्भाव्यता अध्ययन गरिनेछ।

१.९. ***"एक टोल-एक परिचय"*** को अवधारणाको कार्यान्वयनको लागी कार्य योजना बनाईनेछ ।

१.१०. लागत रु १० लाख भन्दा माथिका योजनाहरु नगरपालीकाबाट नै गराउने नीति लिईनेछ ।

१.११. नगरलाई ग्रामिण, धार्मिक,व्यावसायिक र आवासीय क्षेत्रमा वर्गिकरण गरी बस्ती विकास गर्ने नीति लिइनेछ ।

१.१२. बूढानीलकण्ठ नगर क्षेत्र भित्र संचालित खानेपानी आयोजनाहरुलाई एकीकृत गराई नगरपालिकाको समन्वयमा खानेपानी पूर्वाधार , मर्मत सम्भार र राजश्व समेत एकिकृत गरी व्यवस्थापन गर्ने नीति लिइनेछ ।

## २ .संगठन ब्यबस्थापन र सुशासन

२.१ दोस्रो नगर परिषदबाट स्वीकृत भएका दरबन्दीलाई मन्त्रालयबाटस्वीकृत गराई कार्यान्वयन गरिनेछ ।

२ २.नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागी विभिन्न सेवाकालीन तालिम सन्चालन गरिनुका साथै उत्कृष्ट कार्य सम्पादन भएका नगरपालिकाहरुसंग अन्तरकृयात्मक/ अबलोकन भ्रमण गराई क्षमता विकास र अनुभव आदान प्रदान गरिनेछ ।

२.३ नगरपालिकाको वडा कार्यालयहरु सन्चालनमा एकरुपता ल्याउन वडा कार्यालय संन्चालन कार्यविधि निर्माण गरिनेछ ।छिटो छरितो रुपमा सेवा प्रवाह गर्नेविद्युतिय माध्यम प्रयोग गरिनेछ ।घर नम्बरको व्यवस्था गरि घरजग्गा कर र ब्यबसाय करलाई व्यवस्थित गरिनेछ ।

२.४ नगरपालीकाले पालना गर्नु पर्ने न्युनतम शर्त तथा कार्यसम्पादन मापन, २०६६ ले निर्धारण गरेको न्युनतम शर्त तथा कार्यसम्पादन(MCPM)पुरा गर्न कर्मचारीलाई जिम्मेवारी तोकि दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ ।

## ३ बातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन

**३.**१ नगरलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गरि दोस्रो तहको पूर्ण सरसफाई कार्यक्रम सन्चालन गरिनेछ ।

**३.**२ वडास्तरिय सरसफाई तथा स्वच्छता समन्वय समिति, नगरस्तरीय सरसफाई तथा स्वच्छता समन्वय समिति,टोल विकास संस्था, उपभोक्ता समिति,वडा नागरिक मन्च तथा नागिरक सचेतना केन्द्र लगायतका संघ संस्था मार्फत जनचेतना अभिवृद्धि गर्दै फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

३.३ नदि / खोला र खोल्सीहरुमा मापदण्ड तोकी खोला अतिक्रमण भएको स्थानलाई खाली गर्ने, सुधारका साथ स्तरोन्नतिगरिनेछ। विष्णुमति र धोवीखोला सरसफाई अभियानलाई नियमित रुपमा संचालन गरीस्वच्छ पानी वग्ने र जलचरहरुको संरक्षण गरिएको नदिको रुपमा विकास गरिनेछ।

३.४ नगरभित्रको बंगुरपालन व्यवसायलाई विस्थापित गरिनेछ। यस पेशामा आवद्द कृषकहरुलाई अन्यव्यवसाय गर्न प्रोत्साहन गरिनेछ।

३.५ फोहोर उत्पादन गर्ने खालका उद्योगहरु जस्तै .(जुत्ता, चप्पल कारखाना ,निर्माण सामाग्री राख्ने व्यवसाय ,गलैचा उद्योग, कुखुरा पालन समेत )ले फोहोर व्यवस्थापनको ग्यारेन्टी नगरेसम्म उद्योग दर्ता गर्न सिफारीस दिईने छैन। व्यवसाय दर्ता अनुमति लिदा नै उल्लेखित शर्त पालना गर्नलगाइने छ। साथै पूर्व संचालित भएका उद्योगहरुमा पनि उल्लेखित शर्त पालना गर्न लगाईनेछ।

३.६लगानी बोर्ड मार्फत फोहोर व्यवस्थापन गर्ने कार्य सुचारु नहुदाँसम्म हाल संचालनमा रहेका नीजि क्षेत्रका संस्थासंग समन्वय गरी फोहोर व्यवस्थापन कार्य गराईनेछ । सो क्रममा आवश्यक्तानुसार प्रतिशपर्धा समेत गराईनेछ । उक्त कार्यबाट प्राप्त शुल्कसमझदारीमा व्यवस्थापन गरिनेछ।

३.७. फोहोरमैला व्यवस्थित गर्न ३ वटा सार्वजनिक स्थान छनौट गरि Transfer Station तोकिनेछ । नगरपालिकासंग भएको फोहोरमैला व्यवस्थापनका सवारी साधनलाई नीजि क्षेत्रसंग समन्वय गरि परिचालन गरिनेछ।

३.८. नगरपालिका भित्रका सबै घर धुरीलाई फोहोरमैलाको कार्ड अनिवार्य रुपमा वितरण गरिनेछ ।

३.९. विषयगत मन्त्रालय,नगरपालिका, फोहोरमैला प्राविधिक स्रोत परिचालन केन्द्र, नीजि क्षेत्र, फोहोर व्यवस्थापनमा सहयोग गर्ने स्वदेशी तथा विदेशी संघ संस्थासंग समन्वय गरि फोहोरमैला व्यवस्थापनमा 3 R (Reduce, Reuse, Recycle)को नीति अख्तियार गरिनेछ। स्रोतमा फोहोर छुट्याउने कार्य अनिवार्य रुपमा गर्न लगाईनेछ। फोहोरबाट उर्जा/ जैविक मलउत्पादन गर्नउत्प्रेरित गरीनगरबासिहरुलाई प्रोत्साहन गरिनेछ। स्रोतमा छुट्टिएको फोहोरलाई हप्तामा दुइ पटक कुहिने फोहोर र नकुहिने फोहोर छुट्याई संकलन गर्ने परिपाटी बसालिनेछ। सो कार्य सफलताको साथ कार्यान्वयन गर्न फोहोरमैला व्यवस्थापन ऐन, २०६८ लाई आधार मानी प्रकृया अगाडि बढाइनेछ।

३.१०. प्रत्येक घरमा अनिवार्य सेफ्टी ट्यांकीको व्यवस्था गर्नुपर्ने नीति लिइनेछ। ढल व्यवस्थापनको लागि साना तथा मझौला स्तरका Treatment Plantसंचालन गरिनेछ।

३.११.माशुपसल,पशुबद्यशाला, साना बजार आदि स्थानहरुलाई आधुनीकरण गरी व्यवस्थित गरिनेछ। होटल तथा रेष्टुराहरुमा वितरण हुने खानाको गुणस्तर चेक जाँच गर्न जिल्ला प्रशासन कार्यालय तथा अन्य निकायसंगको समन्वयमा अनुगमन गर्ने संयन्त्र तयार गरिनेछ।

३.१२. प्रत्येक पसलमा मुल्य सुचि राख्न अनिवार्य गरिनेछ र मुल्य सुचि नराख्ने व्यवसायहरुलाई कानुन बमोजिम कारवाही गरिनेछ।

३.१३. १ घर २ विरुवा हुर्काउने नीति पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ।

३.१४. सडक छेउछाउ भित्ताहरुमा जथाभावि रुपमा लेखिएका र टाँसिएका पोस्टर पम्प्लेट होर्डिङ बोर्ड, फ्लेक्स जस्ता फोहोरको परिभाषा भित्र पर्ने विज्ञापनहरुलाई हटाई विज्ञापन दिन मिल्ने खालका Advertisement Space तयार गरीनगर क्षेत्रमालागु गरिनेछ।

३.१५. छाडा पशुहरु नियन्त्रण र मृत जनावरहरुको व्यवस्थापनगरिनेछ।

३.१६. नेपाल सरकारको नीति अनुरुप प्लाष्टिक मुक्त नगरपालिका घोषणा गर्न आवश्यक कदम चालिनेछ। बैकल्पिक झोला उत्पादन कर्तालाई प्रोत्साहन गरिनेछ।

३.१७ .जलवायु परिवर्तनबाट पर्ने असर न्यूनीकरणका लागि नेपाल सरकारले लिएको नीति पूर्ण रुपमा पालना गरिने र सो कार्यलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सन्चालन गरिनेछ ।

३.१८.घर निर्माण गर्दा आकाशे पानीलाई संरक्षण र संकलन गर्दै घरमा जम्मा भएको पानीलाई ढल र नालामा निकासा नगरी जमीन मुनी पठाई रिचार्ज गर्ने व्यवस्थाको लागी प्रोत्साहन गरिनेछ।

३.१९.बसपार्क, पेट्रोलपम्प लगायतका सार्वजनिक स्थानमा लैङ्गिकमैत्री शौचालय निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

३.२०.सार्वजनिक यातायातका साधनबाट सडकमा फोहोर फाल्ने कार्यलाई पुर्णरुपमा बन्द गरिनेछ र बसपार्क/ माइक्रो पार्क र यातायात रोक्ने स्टेशनहरुमा फोहोर संकलनका लागी डस्टविनको व्यवस्था गरिनेछ ।

३.२१.घर तथा भौतिक निर्माण सामाग्री सडकको छेउमा राख्ने कार्यलाई पूर्ण रुपमा बन्द गरिनेछ।

३.२२. आफ्नो घर अगाडी आफै सफा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ र प्रत्येक महिनाको अन्तिम शनिवार सरसफाई कार्यक्रम अभियानको रुपमा सन्चालन गरिनेछ ।

**४ .कृषि व्यवस्थापन**

४.१.घरबाट निस्कने कुहिने फोहोरहरुलाई कृषि क्षेत्रमा प्रयोग वा घर घरमा कौशी खेतीको माध्यमबाट व्यवस्थापन गर्ने नीति लिइनेछ । यस्का लागि आवश्यक पर्ने तालिम, अनुदान, माटो परिक्षण र प्रवर्धनको समेत व्यवस्था गरिनेछ ।

४.२. कृषिमा आधुनिकीकरण एवं व्यवसायीकरण गर्न पूर्वाधारहरुको विकास गरिदै लगिनेछ ।

४.३. बाझो जग्गाहरुको रेकर्ड राखी जग्गा बाझो राख्नेहरुलाई अनुसुचिमा तोकीए बमोजिम कर लिईनेछ ।

## ५ . विपद/प्रकोप व्यवस्थापनः-

५.१.बढी संकटासन्न बस्ती तथा वडाहरुको पहिचान गरी कार्ययोजना बनाई संरक्षण गरिनेछ । सो क्रममा JICA तथा Nepal Red Cross ले दिएको प्रतिबेदनलाई आगामी दिनमा कार्यान्वयन गरी भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्न लगाईनेछ। विपदको समयमा उपयोग गर्न खुल्ला क्षेत्र संरक्षण र निर्माण गर्दै नगर तथा वडा स्तरीय विपद ब्यबस्थापन समितिलाई क्रियाशिल बनाईनेछ। वडा स्तरमा समेत विपदका सामाग्रीको व्यवस्था गरिनेछ।

५.२. सरोकारवाला निकायसंग समन्वय गरी जोखिम न्यूनीकरणका गतिविधिहरु संचालन गर्ने।

५.३. विद्यालय स्तरमा सान्दर्भिक तालिम, विद्यालयको आपतकालिन सुरक्षा योजना निर्माण र कृत्रिम घटना अभ्यासहरु संचालन गर्ने तथा विद्यालय विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखिकरण र जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।

५.४. नगरपालीकामा आवश्यक दमकलको व्यवस्था गरीसंचालमा ल्याईनेछ।

५.५. पहिरो तथा भू–क्षय हुने स्थानमा रोकथामको लागी बृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

## ६. सार्वजनिक सम्पत्ति र पूर्वाधारहरुको संरक्षणः-

**६.१** नगरस्तरीय सार्वजनिक जग्गा संरक्षण समितिले दिएको प्रतिबेदनको आधारमा नगर क्षेत्र भित्र रहेका सार्बजनिक जग्गाको संरक्षण गर्ने कार्यलाई अगाडी बढाईनेछ।

**६.२** सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा शुन्य सहनशिलताको नीति लागु गरिनेछ । सार्वजनिक जग्गा उपयोग सम्बन्धी नीति कार्यान्वयनको लागि यसै आ.व. भित्र विनियम तयार गरी लागु गरिनेछ। सार्वजनिक जग्गा लिजमा वा अन्य कुनै प्रकारले कुनै संघ संस्था र समूहलाईउपलब्ध गराउने प्रक्रिया नेपाल सरकारको लिज ऐन अनुसार हुनेछ।

**६.३** काठमाण्डौ उपत्यका विकास प्राधिकरणले र नगरपालीकाले जारी गरेको खोला, खोल्सा र राजकुलोको मापदण्डलाई अनुसुचीमा **व्यवस्था** भए बमोजिम लागु गरिनेछ।

६.४. नगरपालिका भित्र प्लानिङ गर्दा काठमाण्डौं उपत्यका विकास प्राधिकरण र नगरपालिकाबाट स्वीकृत लिनु पर्ने छ। स्वीकृत नलिई गरेको प्लानिङको जग्गा विक्री वितरण गर्दा आबश्यक पर्ने घर बाटो सिफारीस तथा चार किल्ला सिफारिस समेत रोक्का राखिने छ ।

६.५. नगरका विभिन्न भागमा रहेका पोखरीहरुको मर्मत तथा संरक्षण गरिनेछ।

**७. पर्यटन तथा संस्कृति-**

७.१.बूढानीलकण्ठ मन्दिर, नौलिङेश्वर शक्ति पिठ, आनी,नागी, कपन गुम्बाहरु, धर्मपुरकोलिच्छवीकालीन शिलालेख लगायत नगर भित्रका अन्य पुरातात्विक महत्वका मठ मन्दिर, धार्मिक स्थलहरुको संरक्षण र प्रवर्द्धनगरी पर्यटन विकास गरिनेछ।

७.२. बूढानीलकण्ठ नगर एक ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा सम्पन्न नगर भएकोले यस नगरको अन्य स्वदेशी तथा विदेशी नगरसंग भगिनि सम्बन्ध (Sister City Relationship) स्थापना गर्न आवश्यक पहल गरिनेछ।

७.३. नगरमा पर्यटन प्रवर्द्धनको लागी साइक्लिङ ट्र्याक, रक क्लाइम्विङ वालर पदयात्राको लागी अध्ययन गर्ने कार्यक्रमहरु अगाडि बढाइनेछ।

७.४. नगर प्रोफाइल,गाइड बुक, नक्सा, पर्यटन पत्रिका लगायत आम संचारका माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनको नीति लिइनेछ।

७.५.डाँडा गाँउ र नागी गुम्बा क्षेत्रका आसपासमा स्थानीयबासीहरुको सहकार्य र समन्वयमा होम स्टेको विकास गरिनेछ।

७.६.वडा नं ६ को डाडागाँउमा र वडा नं २ बदेलीमा भ्यू टावर र हेली प्याडको तथा बूढानीलकण्ठ देखि शिवपुरी डाडासम्ममा केवुलकार निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

७.७. पुरातात्विक स्थलहरुको संरक्षण गर्न बस्तिहरुमा भवनको चोक तर्फको भाग मौलिक तथा पुरातात्विक शैलीमा निर्माण गर्न लगाउने र निर्माण कार्यमा सहुलियत दिने नीति अवलम्बन गरिनेछ ।

७.८. बूढानीलकण्ठ मन्दिर क्षेत्रको गुरुयोजना अन्तर्गतको क्षेत्रलाई नेपाल सरकारसंगको समन्वयमा अधिकरण र उचित क्षतिपुर्तिको व्यवस्था गरि गुरुयोजना अनुसार धार्मीक क्षेत्रको संरक्षण गरिनेछ ।

७.९. वडा नम्बर २ बाडेपाखामा -वि.एम.सि.ए. नजिक खानेपानी व्यवस्था तथा दमकलको लागि पोखरी सहित उद्यान पार्क निर्माण गरिनेछ।

**८. आर्थीक प्रशासन तथा राजश्व सम्बन्धि नीति**

**८.१** यस नगरपालिकालाई आन्तरिक स्रोतमै आत्मनिर्भर नगरपालिका वनाऊन थप राजश्व परिचालनका स्रोतहरुको खोजी गरिनेछ। नगर क्षेत्र भित्र रहेका सवै खाले व्यवसायहरुलाई

करको दायरा भित्र ल्याई नियमित रुपमा अनुगमन गर्ने कार्य अगाडी वढाईनेछ। हाल भै रहेको कर प्रणालीलाई व्यवस्थित र अनुमानयोग्य वनाउन करका दरमा समयानुकुल पुनरावलोकन गरिएकोछ। २०७४ साल श्रावण १ गते देखी एकिकृत सम्पत्ति कर प्रणाली लागु गरिनेछ।

८.२ नगरपालिकालाई नियमित उल्लेख्य मात्रामा कर बुझाउने करदातालाई ठूला करदाता र नियमित करदाताको रुपमा सम्मान गरिने कार्यक्रमलाई अगाडि बढाईनेछ।

८.३ आ व ०७१।०७२ को अन्तिम लेखा परिक्षणबाट देखिएका बेरुजुहरु असुल उपर गरी वित्तिय शुसासन कायम गरिनेछ। लेखा परीक्षणबाट आएका सुझावहरुलाईआगामी दिनहरुमा सुधार गर्दै कार्यान्वयन गरिनेछ।

८.४ सवै करदाताहरुको विद्युतीय माध्यमबाट अभिलेखिकरण गरी कर नतिर्ने करदाताहरुलाई सूचना मार्फत करको दायरामा ल्याउने वातावरण बनाईनेछ।

८.५प्रोदभावी लेखा प्रणालीलाई अङ्गीकार गरिनेछ।

८.६.सामाजीक सुरक्षा भत्ता बैक मार्फत वितरण गरिएकोमा बैकमा जान नसक्ने अशक्त बृद्ध बृद्धा तथाअपाङ्गहरुलाई बैकसंगको सहकार्यमा घर घरमा पुर्याईने व्यवस्था मिलाईनेछ।

**९. नक्सापास संबन्धी मापदण्ड**

९.१. नगरपालीकालेबनाएको नगरस्तरिय यातायात गुरुयोजना -MTMP-संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्विकृत भए पछि पूर्ण रुपमा लागु गर्दै सडकको विस्तार , सुधार , निर्माण र मर्मत संभारलाई त्यही अनुरुप प्राथमिकता साथ लागु गरिनेछ।

९.२ राष्ट्रिय भवन संहिता २०६० र भवन निर्माण सम्बन्धि मापदण्ड २०७१,बस्ती विकास,शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२ पूर्ण रुपमा लागु गरिनेछ।

९.३. हालसम्म नक्सा पास गरिएका,नियमित गरिएका तथा सार्वजनिक सूचना मार्फत अभिलेखिकरण गरिएका घरहरुको विधुतिय प्रविधिमा तथ्याङ्क राखिनेछ।

९.४ आगामी आ.व. बाट नक्सापास गर्दा विद्युतिय भवन ईजाजत प्रणाली -E- Building Permission System-लागु गरिनेछ।

९.५. बूढानीलकण्ठ धार्मिक संरक्षित क्षेत्रहरुमा भवन निर्माण गर्न पूर्ण रुपमा बन्देज गरी सो क्षेत्र खुला राख्ने नीति अवलम्बन गरिनेछ।

## १०. सामाजीक विकास तर्फका नीति

### १०.१ बालबालिका

१०.१.१ वालमैत्री नगरपालिका वनाउने कार्यको शुरुवात गरिनेछ । वालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ (CFLG) लागु गरी बालमैत्री नगर बनाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, युनिसेफ र बालबालिकासंग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय सामाजीक संघ सस्थासंग समन्वय र सहकार्यमा नीतिहरु तय गरिनेछ ।

१०.१.२ यस नगरपालिका भित्रका प्रत्येक सामुदायिक विद्यालयमा रहेका वालक्लब लगायत बालबालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने खालका क्रियाकलाप एवं गतिवीधिहरूलाई प्रोत्साहन गरिने छ ।

१०.१.३ विद्यालय,सार्वजनिक पुस्तकालयको लागी पुस्तकहरुको व्यवस्था गरिनेछ ।

१०.१.४ बूढानीलकण्ठ नगरपालीका क्षेत्रभित्र बसोवास गर्ने परिवारमा विद्यालय जाने उमेर भएका बाल बालिकाहरुको लागी अनिवार्य विद्यालय भर्ना गराउन नीति अवलम्बन गरिनेछ ।

१०.१.५ नेपाल सरकारको नीति बमोजिम दलित परिवारमा जन्मेका शिशुहरुको ३५ दिन भित्र जन्म दर्ता गराउदा नगरपालिकाबाट रु १०००|-प्रोत्साहन स्वरुप प्रदान गरि घटना दर्तामा आकर्षण गर्ने नीति लिइनेछ ।

### १०.२ शैक्षिक विकासका नीति

१०.२.१नगरपालिका भित्रका प्रत्येक सामुदायिक विद्यालयहरूमा बिद्यार्थीतथा बाल मैत्री शैक्षीक पूर्वधारसहितको शिशु कक्षा निर्माण कार्य अगाडी बढाईने छ ।

१०.२.२ विद्यालयहरुमा लैङ्गिक मैत्री शौचालयहरु निर्माण गरिनेछ ।

१०.२.३ नगरपालिका,विद्यालय, विद्यार्थी र अभिभावक समेतको सहभागीतामा बाल क्लव परिचालन गरी बाल भेला,वडा तथा नगर बाल संजालको समन्वयमा बालमैत्री नगरपालीका बनाइनेछ ।

१०.२.४. कपन साहित्य समाजरहेको भवनलाई नगर पुस्तकालयको रुपमा विकास गरिनेछ ।

१०.२.७**<u>सवैका लागि आधारभुत शिक्षा</u>** कार्यक्रम अन्तर्गत अतिविपन्न बालबालिकालाई विद्यालय भर्ना,छात्रवृत्ति र पुरस्कार मार्फत प्रोत्साहन गरिनेछ।

१०.२.८. पूर्ण साक्षरता युक्त नगरपालिका घोषणा गर्न नीति तथा कार्यक्रमहरु बनाईनेछ।

१०.२.९. सामुदायिक विद्यालयहरुमा दिवा खाजाको व्यवस्था गर्ने नीति लिइनेछ।

## १०३. स्वास्थ्यः तर्फ :

१०.३.१. नेपाल सरकारको नीति बमोजिम नगरबासीहरुको आधारभूत स्वास्थ्य सेवामा पहुंच पुर्याउने उदेश्यले लोकेश्वर मन्दिर नजिक रहेको सार्वजनिक जग्गा वा बालुवा खानी नजिकको सार्वजनिक जग्गामध्ये उपयुक्त एक स्थानमामा स्वास्थ्य मन्त्रालय, नगरपालिका, स्वदेशी तथा विदेशी गैर सरकारी संघ संस्था र अन्य सरोकारवाला निकायको सहयोगमा नगरस्तरीय अस्पताल स्थापना गरी प्रत्येक वडामा नगर स्वास्थ्य सेवा संचालनमा ल्याईनेछ।

१०.३.३. ज्येष्ठ नागरिक,अपाङ्गता र असहाय व्यक्तिहरुका लागि विशेष स्वास्थ्य शिविर सन्चालन गरिनेछ।

१०.३.४. यौन प्रजनन् स्वास्थ्य सम्बन्धि जनचेतामुलक कार्यक्रम तथा शिविरहरु सन्चालन गरिनेछ।

१०.३.५. नगरक्षेत्र भित्र संचालनमा रहेका स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा केन्द्रसंग समन्वय र सहकार्यमा स्वास्थ्य सम्बन्धि पूर्वाधारहरुको विकास गर्दै स्वास्थ्य सेवालाई प्रभावकारी बनाई अगाडि बढिनेछ।

## १०.४. युवा तथा खेलकुद तर्फ

१०.४.१ युवालाई उद्यमशिल, सक्षम,सुसंस्कृत एंव क्षमतावानबनाई विकासको मुलधारमा ल्याउन लक्षित व्यवसायिक तथा जीवन उपयोगी शिपमुलक तालिम संचालन गरी रोजगारका अवसरहरु सृजना गर्ने र सभ्य नागिरक बनाउन प्रेरित गर्ने नीति लिइनेछ।

१०.४.२ लागु पदार्थ दुर्व्यशन तथा कुलतको रोकथाम तथा नियन्त्रणको लागी विशेष कार्यक्रमहरु सन्चालन गरिनेछ।

१०.४.३ यूवा वर्गका बौदिक क्षमताको सम्मान र कदर गर्दै यूवा वर्गका क्षमताको परिचालन गरिनेछ

१०.४.**समानता र समताको विकासलाई** आत्मासाथ गरि लक्षीत वर्ग तर्फका योजना तथा कार्यक्रमहरु संचालन गर्दा नगरभित्रका महिला , आर्थिक तथा सामाजिक रुपले पछाडी परेका दलित/आदिवासी,ज्येष्ठ नागिरक, अपाङ्गता भएका व्यक्तिहरु लगायत सवै समुदायको अधिकारलाई सुनिश्चित गर्दै सामाजिक परिचालनको माध्यमबाट शसक्तीकरण गरि नगरको हरेक विकास निर्माणका योजना तथा कार्यक्रमहरुमा अर्थपूर्ण सहभागीता हुने नीति लिइनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

अव म उल्लेखित नीति तथा कार्यक्रमहरुलाई मध्येनजर गर्दै गत आ.व. २०७२।०७३ को यर्थात आय तथा व्यय, यस वर्षको मंसिर मसान्त सम्मको बास्तविक आय व्यय र आगामी आ .व. ०७४।०७५ को अनुमानित आय व्यय सहितको बजेट यहाँहरु समक्ष पेश गर्न चाहान्छु ।

**(क.) आ.वं २०७२।०७३ को यथार्थ आय व्यय विवरण**

| सि.नं. | आय विवरण | रकम रु | व्यय विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | अल्या मौज्दात | ५,९१,०९,५०८/६७ | आन्तरिक चालु खर्च तर्फ | ३,७२,१९,९६०/७४ |
| २ | आन्तरिक आय तर्फ | १०,००,०६,२१६/६४ | आन्तरिक पुजीँगत खर्च तर्फ | १२,८७,८१,०६०/२३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | बाह्य आय तर्फ | ९,९८,७४,८१४/४२ | केन्द्र तर्फ चालु तथा पुजीँगत खर्च | ७,५१,९२,९४१/०० |
| ४ | | | बैंक मौज्दात | १,७७,८६,५७७/७६ |
| | जम्मा | २५,८९,९०,५३९/७३ | जम्मा | २५,८९,९०,५३९/७३ |

## (ख.) आ.वं २०७३।०७४ मंसिर मसान्त सम्मको यथार्थ आय व्यय विवरण

| सि.नं. | आय विवरण | रकम रु | व्यय विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | अल्या मौज्दात | १,७७,८६,५७७/७६ | आन्तरिक चालु खर्च तर्फ | २,०५,२६,७५७/०२ |
| २ | आन्तरिक आय तर्फ | ८,४०,५१,६७८/५५ | आन्तरिक पुजीँगत खर्च तर्फ | २,८८,७६,७६७/६७ |
| ३ | बाह्य आय तर्फ | ८,३८,१३,३१९/५६ | केन्द्र तर्फ चालु र पुजीँगत | २, ६६,६१,५९४/६५ |
| ४ | | | बैंक मौज्दात | १०,९६,४३,५०६/५३ |
| | जम्मा | १८,५७,०८,६२५/८७ | जम्मा | १८,५७,०८,६२५/८७ |

## (ग.) आ.वं २०७४।०७५ को प्रस्तावित आय व्यय विवरण

| सि.नं. | आय विवरण | रकम रु | व्यय विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | अल्या मौज्दात | - | चालु खर्च तर्फ | ६,००,००,०००।- |
| २ | आन्तरिक आय तर्फ | १७,५०,००,०००।- | पुजीँगत खर्च तर्फ | २४,१३,८५,५००।- |
| ३ | बाह्य आय तर्फ | १२,६३,५८,५००।- | बैंक मौज्दात | - |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | ३०,१३,८५,५००।- | जम्मा | ३०,१३,८५,५००।- |

उल्लेखित अनुमानित विवरणलाई निम्नानुसार विनियोजन गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | विवरण | विनियोजित रकम रु |
|---|---|---|
| १ | चालु तर्फ | ६,००,००,०००।- |
| २ | पुजीँगत तर्फ | २४,१३,८५,५००।- |
| | २.१. भवन निर्माण | १,३०,००,०००।- |
| | २.२. नगरबस, फोहोरमैला व्यवस्थापन,....... | १,१०,००,०००।- |
| | २.३. साझेदारी कोष (Matching Fund) | १,०५,००,०००।- |
| | २.४. महिला लक्षित | २,०७,००,०००।- |
| | २.५. बालबालिका लक्षित | २,०७,००,०००।- |
| | २.६. अन्य लक्षित | ३,११,००,०००।- |
| | २.७. प्रवर्द्धन तथा पूर्वाधार विकास | १३,४३,८५,५००।- |
| | जम्मा | ३०,१३,८५,५००।- |

उल्लेखित प्रस्तावित बजेटलाई बर्तमान स्थानीय स्वायत्त शासन ऐन, नियमावली, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका, न्युनतम शर्त तथा कार्यसम्पादन मापन निर्देशिका तथा अन्य लक्षित वर्गका निर्देशिकाको आधारमा विनियोजन गर्नु पर्ने प्रतिशतमा नघटाई महिला, जनजाति/आदिवासी, ज्येष्ठ नागरिक, फरक क्षमता भएका वर्ग समुदाय, बालबालिका, पिछडिएका वर्गलाई समेत समेटेर कार्यक्रम तय गरिएको व्यहोरा अनुरोध गर्दछु । तय गरेका योजना तथा कार्यक्रमलाई प्राथमिकताको

आधारमा स्थानीय समुदाय समेत परिचालन गरी अर्थपूर्ण सहभागीमुलक ढङ्गले अगाडि बढाईने व्यहोरा समेत अनुरोध गर्दछु ।

**आदरणीय महानुभावहरु,**

संघीय गणतन्त्रात्मक शासन प्रणाली लागु भईवर्तमान संविधान कार्यान्वयन गर्ने क्रममा स्थानीय तह पुनर्संरचना आयोगगठन भई स्थानीय तहको संरचना र सीमा निर्धारण गरी सरकारलाई बुझाएको प्रतिवेदनमाबुढानिलकण्ठ नाममा छुट्टै नगरपालिका रहन सफल भएकोव्यहोरा यहाँहरुलाई जानकारी गराउँदै यस कार्यमा सहयोग गर्नुहुने सर्म्पूण महानुभावलाई धन्यवाद समेतदिन चाहन्छु।

**र अन्त्यमा**

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुनेसम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुमा धन्यवाद दिन चाहान्छु । नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने मानीय मन्त्रीज्यू, सांसदज्यूहरु, नगरस्तरीय राजनैतिक पार्टीका प्रमुख एवं प्रतिनिधिज्यूहरु, एकिकृत योजना तर्जुमा समितिका पदाधिकारीज्यूहरु, वडा नागरिक मन्चका पदाधिकारीज्यू, विभिन्न सरकारी कार्यालयहरु, गैर सरकारी संघ सस्था, नागरिक समाज, उद्योगी व्यवसायी, बुद्धिजीवि, संचारकर्मि, कर्मचारी साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अति व्यस्त समयका बावजुद यस नगरपालिकाको निमन्त्रणलाई स्वीकार गरी कार्यक्रममा पाल्नु भएका श्रेद्धय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, राजनैतिक दलका प्रमुखज्यूहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु एवं नागरिक समाजका अगुवाहरु लगायतका सम्पूर्ण आदरणीय उपस्थित महानुभावहरु प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

धन्यवाद नमस्कार

मितीः २०७३।०९।२७ गते बुधवार

बिश्वराज मरासेनी
प्रमुख एंव कार्यकारी अधिकृत

# बूढानीलकण्ठ नगरपालिकाको स्विकृत करका दरहरु

| क्र.स. | विवरण | आ व ०७३।०७४ को लागी दस्तुर | आ व ०७४।०७५ को लागी दस्तुर |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | निशुल्क | निशुल्क |
| २ | आदिवासी जनजाती दलितअपाङ्ग,विपन्न , सिफारिस | निशुल्क | निशुल्क |
| ३ | जग्गा नामसारी सिफारिस | ५०० | ५०० |
| ४ | जोत नामसारी- मोही | २५० | ५०० |
| ५ | जग्गा दर्तानामसारी / | १५०० | २००० |
| ६ | मोही लगत कट्टा सिफारिसएकाघर- | ३०० | ५०० |
| ७ | मोही लगत कट्टा सिफारिस  एकाघर भन्दा वाहिर | | २००० |
| ७ | बकस पत्र बमोजिमको जग्गा नामसारी दा.खा. | ५०० | ५०० |
| ८ | नाम थर संशोधन सिफारिस | ३०० | ५०० |
| ९ | गुठी  रैतानी सिफारिस | ३०० | ५०० |
